# जिल्ला समन्वय समितिको कार्यालय

ब.सु.पु

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

२०८३ साल वैशाख १ गते देखि २०८३ साल असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलाहरु

स्वत: प्रकाशन

## १. कार्यालयको स्वरूप र प्रकृति

नेपालको संविधानको भाग १७ धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समिति सम्बन्धी व्यवस्था रहेको छ। जसअनुसार जिल्ला भित्रका गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगर पालिकाका प्रमुख र उपप्रमुख सदस्य रहनेगरी गाउँपालिका र नगरपालिकाहरूबीच समन्वय गर्न एक जिल्ला सभा रहनेछ। जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ। जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ। सम्बन्धित जिल्लाभित्रको गाउँ सभा वा नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको उम्मेदवार हुन योग्य हुने व्यवस्था रहेको छ।

---

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

नेपालको संविधान बमोजिम जिल्ला सभाको काम, कर्तव्य र अधिकार अन्तर्गत जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने, विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने तथा प्रदेश कानून बमोजिमका अन्य कार्यहरू गर्ने रहेका छन्।

त्यसैगरी संविधानको धारा २२० को उपधारा (७) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ बमोजिम जिल्ला सभाका अन्य काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ। जसमध्ये जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाहरूबीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने, जिल्लाभित्र सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने, जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने, जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीचमा कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने लगायतका कार्यहरू रहेका छन्।

## ३. कार्यालयको संगठन संरचना, कर्मचारी संख्या र कार्य विवरण

### संगठन संरचना

जिल्ला समन्वय समिति , नवलपरासी ब.सु.पू. को संगठन संरचना

- जिल्ला सभा → समितिहरु
- जिल्ला समन्वय समिति → समितिहरु
- प्रमुख → निजी सचिवालय ना.सु. रा.प.अनं. प्रथम वा सो सरह १ करार
- उपप्रमुख
- जिल्ला समन्वय अधिकारी
  रा.प. द्वितिय (प्र.सा.प्र.) – १

**व्यवस्थापन शाखा**

शाखा अधिकृत रा.प. तितिय (प्र./स.प्र)-१

ना.सु.रा.प.अनं. प्रथम (प्र./सा.प्र) १

लेखापाल रा.प.अनं. प्रथम (प्र/लेखा

खरिदार रा.प.अनं. द्धितिय (प्र., सा.प्र) -१

कार्यालय सहयोगी श्रेणीबिहिन ३

सवारी चालक श्रेणीविहिन-२

**अनुगमन शाखा**

ईन्जिनियर रा.प. तृतिय (ई/सिभिल)-१

सब ईन्जिनियर रा.प.अनं. प्राई / सिभिल -१

जिल्ला समन्वय समिति, ब.सु.पूका पदाधिकारीहरुको संक्षिप्त परिचय

| क्र.स | नाम/थर | पद | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री बाबुराम विश्वकर्मा | प्रमुख | कावासोती न.पा-२ | ९८४७०४९१३२ | |
| २ | श्री सकुन्तला लम्साल | उपप्रमुख | कावासोती न.पा-१० | ९८५७०४०४७८ | |
| ३ | श्री कुल प्रसाद भुषाल | सदस्य | विनयीत्रिवेणी गा.पा-२ | ९८५७०४४७६२ | |
| ४ | श्री लोकनाथ अर्याल | सदस्य | मध्यविन्दु न.पा.-३ | ९८४७२४१४८९ | |
| ५ | श्री लिला पौडेल | सदस्य | गैडाकोट न.पा-१० | ९८०४२५५३९९ | |
| ६ | श्री सरस्वती पाठक | सदस्य | देवचुली न.पा.-२ | ९८४७०८८११७ | |
| ७ | श्री रेनु गुरौ थारु | सदस्य | मध्यविन्दु न.पा.-४ | ९८४७२४१४११ | |
| ८ | श्री पिन कुमारी चितौंरे मगर | सदस्य | बौदीकाली गा.पा. -५ | ९८६७९०६०६६ | |
| ९ | श्री सम्झना सार्की | सदस्य | बुलिङटार गा.पा-५ | ९८२६४९९०९८ | |

४. कार्यालयबाट प्रदान गरिने सेवा :

| क.स | सेवाको प्रकार | आवश्यक कागजात | सेवा समय | शुल्क |
|---|---|---|---|---|
| १ | जिल्लास्तरीय योजना विकास निर्माण समन्वय | प्रस्ताव/ योजना विवरण | आवश्यकता अनुसार | निशुल्क |
| २ | अन्तरपालिका समन्वय बैठक आयोजना | सम्बन्धित एजेण्डा | आवश्यकता अनुसार | निशुल्क |
| ३ | वार्षिक तथा अर्धवार्षिक समिक्षा | जिल्लास्थित स्थानीय तहहरुबिच र जिल्लास्थित प्रदेश अन्तरगतका कार्यालयहरुबिच | वार्षिक /अर्धवार्षिक रुपमा | निशुल्क |
| ४ | सूचना तथा अभिलेख सेवा | सम्बन्धित पत्र | आवश्यकता अनुसार | निशुल्क |
| ५ | गुनासो व्यवस्थापन | निवेदन पत्र | १ दिन भित्र | निशुल्क |
| ६ | अनुगमन तथा मूल्यांकन | सम्बन्धित कागजात/ प्रतिवेदन | आवश्यकता अनुसार | निशुल्क |

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ बमोजिमका तथा कानूनले तोके बमोजिमका कार्यहरु ।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| शाखा | कर्मचारीको नाम थर तथा पद |
|---|---|
| कार्यालय प्रमुख | श्री जितेन्द्र जंग के.सी, जिल्ला समन्वय अधिकारी |
| समन्वय तथा व्यवस्थापन शाखा/ सूचना अधिकारी | श्री सुरेन्द्र प्रसाद बस्याल, शाखा अधिकृत |
| प्रशासन शाखा | श्री अस्मिता पोखेल, ना.सु. |
| आर्थिक प्रशासन | श्री जगत बहादुर चौधरी, लेखापाल |
| अनुगमन शाखा | श्री पप्पु कुमार ठाकुर, सव.ई. |
| जिन्सी | श्री राजु गौतम, खरिदार |

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान हुने सेवाहरु निशुल्क रुपमा तत् समयमा प्रदान हुने गरेको ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

- शाखासँग सम्बन्धित नियमित कार्यहरु शाखा प्रमुखबाट ।
- विशेष निर्णय तथा कार्यालय प्रमुखबाट हुनुपर्ने भनी तोकिएका कार्यहरु कार्यालय प्रमुखबाट ।
- नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिवाट हुने ।

८. गुनासो सुन्ने अधिकारीः

- जिल्ला समन्वय समिति प्रमुख
- जिल्ला समन्वय अधिकारी

९. सम्पादन गरेको कामको विवरणः

<u>नवलपरासी ब.सु.पू.मा सम्पादित मुख्य मुख्य कार्यहरुः</u>

- जिल्ला समन्वय समि आर्थिक वर्ष २०८२/०८३ मा जिल्ला समन्वय समितिको कुल जम्मा २३ वटा वैठक सम्पन्न भएको छ ।
- यस जिल्ला स्थित संघीय कार्यालय प्रदेश अन्तर्गतका कार्यालय तथा स्थानीय तहका कार्यालयहरुको वार्षिक समिक्षा गरि प्रतिवेदन पेश गरिएको र आ.व २०८२/८३ को प्रदेश र स्थानीय तहका कार्यालयहरुको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ।
- यस जिल्लास्थित स्थानीय तहहरुले सम्पादन गरेका असल अभ्यास तथा अनुभव एक आपसमा आदान प्रदान गर्ने कार्यक्रम सम्पन्न गरिएको छ।
- विभिन्न पालिकाहरुको समस्याहरु तथा प्रगति वारेमा छलफल गर्नको लागि जिल्ला समन्वय समितिको संयोजनमा अन्तरपालिका वैठक सम्पन्न गरियो। वैठकमा जोखिमयुक्त नदी र खोलाहरुको ठेक्का , चुरे अन्तर्गत रहेका नदिजन्य पदार्थको उत्खनन् सरलिकरण एवं व्यवस्थापन गर्नको लागि पालिकाहरुका विच छलफल सम्पन्न गरिएको छ । सो वैठकमा प्रादेशिक अस्पताललाई जनशक्ति उपलब्ध गराउने, धौवादी फलाम खानी संचालनका लागि नेपाल सरकारलाई ध्यानाकर्षण गर्ने, पालिकाहरुले गरेका नविन कार्य तथा असल अभ्यास एक आपसमा आदान प्रदान गर्ने लगायतका विभिन्न विषयमा निर्णय गरिएको छ।
- मृगौला पिडित र डायलोसिसको विषयमा तथा जिल्ला अस्पतालको स्तर उन्नतिका लागि अन्तरपालिका वैठकमा छलफल भई प्रत्येक पालिकाहरुवाट प्रदेश अस्पतालका लागि एक एक जना दक्ष जनशक्ति उपलब्ध गराउने निर्णय भएको छ यसवाट डायलेसिसमा सहजता हुने भएको छ ।

- कावासोती र देवचुली नगरपालिकाको सिमाना क्षेत्रमा पर्ने लोकाहामा प्रदेश स्तरको औधोगिक क्षेत्र संचालनार्थ अन्तरपालिका वैठकमा अन्तरक्रिया तथा छलफल सम्पन्न गरिएको छ।

- नवलपुर जिल्ला अन्तर्गतका पालिकाहरु विच अन्तरपालिका वैठक गरि सो वैठकमा आ.व २०८३/०८४ को वजेट तथा कार्यक्रममा आधारभुत वर्गको आवश्यकतालाई वढि भन्दा वढी समेट्नु पर्ने जनजिविका तथा जनसरोकारका विषयलाई सम्वोधन हुने गरि निति तथा कार्यक्रम तय गर्न पालिकाहरुलाई अनुरोध गरिएको छ।

- नमुना सदरमुकाम निर्माणार्थ तथा जिल्लाका विविध विषयलाई लिएर संघीय सांसद, प्रदेश सांसद,जिल्ला समन्वय समितिका पदाधिकारी , स्थानीय तहका प्रतिनिधी साथै विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरुको संयुक्त टोलि जिल्ला समन्वय समितिका प्रमुखको सक्रियतामा पटकपटक राष्ट्रपति कार्यालय ,प्रधानमन्त्री कार्यालय ,अर्थमन्त्रालय ,सहरी विकास मन्त्रालय,बन मन्त्रालय र नीति तथा योजना आयोगमा ज्ञापन पत्र वुझाइ इ आइ ए (EIA) पास गरि आ.व ०८०/०८१ मा रु ५० करोड अन्तर्गत जिल्ला प्रशासन समेत दुई वटा एकिकृत भवन र दोस्रो ठेक्का अन्तर्गत जिल्ला अदालत, जि.स.स भवन समेतका कार्यलयहरुको भवन निर्माण कार्य सुरुवात भइसकेको छ। आ.व २०८१/०८२ मा रु ४ अर्व २५ करोडको वजेट विनियोजन भई ठेक्का प्रक्रिया भई काम अगाडी वढेको छ।यसका लागि जिल्लाका माननीय ज्यूहरु, स्थानीय तहका प्रमुखज्यूहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न कार्यालयका कार्यालय प्रमुखहरु र पत्रकारहरुको भेला सम्पन्न गरि निरन्तर समन्वय गरिएको छ।

- जि.स.स प्रमुख ज्यू को अध्यक्षतामा नदिजन्य पदार्थ तथा खानिजन्य पदार्थको अनुगमन समितिको वैठक वसि विभिन्न स्थानीय तहहरुवाट प्राप्त हुन आएको प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदनमा उल्लेखित ६३ स्थानमा अनुगमन सम्पन्न गरी ५० स्थानमा (वन क्षेत्र वाहेक) उत्खनन एवं ब्यवस्थापन गर्ने सहमतिको लागि राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिलाई सिफारिस गरिएको छ।

- जिल्ला स्थित क्रसर र बालुवा प्रसोधन केन्द्रहरुको अनुगमन गरि क्रसर र बालुवा प्रसोधन केन्द्रहरु संग अन्तरक्रिया र छलफल गरि बालुवा प्रसोधन केन्द्रहरु संचालनार्थ सहजीकरण गरिएको र सम्बन्धित मन्त्रालयमा डेलिगेसन समेत गइ समन्वयकारी भूमिका निर्वाहा गरिएको तथा विनयी त्रिवेणी गाउँपालिका अन्तर्गत रहेका विभिन्न क्षेत्रमा अनुगमन गर्दा अवैध रुपमा नदिजन्य पदार्थ भण्डारण गरेको पाइएकोले सो कार्य तत्काल रोकि कार्वाहीका लागि गाउँपालिकालाइ लेखि पठाएकोमा गाउँपालिकाले जरिवाना रकम रु २९,१४,९८६.४२।- (अक्षरुपी रु उनन्तिस लाख चौध हजार नौ सय छयासी रुपैया र वयालिस पैसा)असुल गरेको जानकारी प्राप्त हुन आएको छ ।

- देवचुली न.पा.बाट भूमीहिन दलित, भूमिहिन सकुम्बासी, अव्यवस्थित बसोवासीलाई जग्गा धनी प्रमाण पूर्जा उपलब्ध गराउने सम्बन्धमा आवश्यक सहजीकरण गरीदिन अनुरोध भई आएबमोजिम सुकुम्बासी समस्या समाधान सम्वन्धमा भुमि समस्या समाधान आयोग जिल्ला समिति र पत्रकार एवं भुमि सँग सम्वन्धित सरोकारवाला पक्ष संग अन्तरक्रिया र छलफल कार्यक्रम सम्पन्न गरिएको छ ।

- कृषि ज्ञानकेन्द्र र प्रधानमन्त्री कृषि आधुनिकीकरणको स्थलगत अनुगमन कार्यक्रममा समन्वयकारी भूमिका निर्वाह गरिएको छ ।
- नवलपुरको विभिन्न पालिकाहरुमा सुक्दै गरेको नारायणी नदीको बहाब फर्काउन आवश्यक पहल गरि कार्यसम्पन्न गरिएको छ ।
- गिद्ध संरक्षणको लागि नमुना मध्यवर्ती सामुदायिक बन अन्तर्गत कावासोती -१३ मा संचालित जटायु रेष्टुरेन्टमा अनुगमन गइ आवश्यक सल्लाह सुझाव दिइएको छ ।
- एस इ इ परिक्षा संचालन भएका जिल्लाका बिभिन्न परिक्षा केन्द्रहरुमा अनुगमन गरिएको छ ।
- जिल्ला भित्र ( स्थानीय,प्रदेश र संघ )का बिभिन्न योजनाहरुको अनुगमन सम्पन्न गरिएको छ ।
- जि.स.स. को विभिन्न गतिविधिलाई Website संचालनमा ल्याइ UPLOAD गरिएको छ।
- जिल्ला अन्तर्गत रहेका एक निर्वाचन क्षेत्र एक सडक प्रदेश सभा सदस्यज्यूको नेतृत्वमा विभिन्न पटक अनुगमन गरि आवश्यक सुझाव तथा निर्देशन दिइएको छ।
- जोखिमयुक्त ठाँउको पहिचान गरि विभिन्न पालिका अन्तर्गतका खोलाहरुको नदिजन्य पदार्थ उत्खनन र च्यानलाइज गर्न जिल्ला विपद व्यवस्थापन वैठकमा सहजिकरण गरिएको छ।
- सामाजिक विकास कार्यालय र VDRCको सहयोगमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको कार्यक्रम सम्पन्न गरिएको छ।
- जि.स.स को पहलमा संघ प्रदेश र स्थानीय तहका सरकारहरु समक्ष विभिन्न योजनाहरु माग गरि भौतिक पुर्वाधार निर्माणको लागि विभिन्न शिर्षकहरुमा रकम विनियोजन भएको ब्यहोरा अवगत गराउछु।
- नवलपरासी (ब.सु.पूर्व) जिल्लाभित्रका सबै स्थानीय तहहरुमा सञ्चालन भएको बहुक्षेत्रीय पोषण कार्यक्रमको अनुगमन गरी वार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ ।
- जिल्ला अन्तरगत संघ, प्रदेश र स्थानीय तहद्वारा सञ्चालित योजना तथा विकास निर्माण कार्यहरुको स्थलगत अनुगमन सम्पन्न गरीएको छ ।

१०. सूचना अधिकारी र प्रमुखको नाम र पदः

१. कार्यालय प्रमुखः श्री जितेन्द्र जंग के.सी., जिल्ला समन्वय अधिकारी

२. सूचना अधिकारीः श्री सुरेन्द्र प्रसाद बस्याल, शाखा अधिकृत

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- स्थानीय सरकार संचालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- बाताबरण संरक्षण ऐन, २०७६
- सुशासन व्यवस्थापन तथा संचालन ऐन, २०६४ नियमावली, २०६५
- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विकी तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७"
- "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन, क्रसिङ्ग र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यबिधी, २०७५"
- जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५
- जिल्ला अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि, २०८१

शाखा अधिकृत